# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा,पर्वत
गण्डकी प्रदेश,नेपाल

प.सं.:२०८२/०८३
च.नं. ५६६

मिति:- २०८२/०८/१२

**विषय : राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुने सम्वन्धमा ।**

श्री कुश्मा नगरपालिका स्थित सम्पूर्ण विद्यालयहरु (सामुदायिक तथा संस्थागत)

प्रस्तुत विषयमा कुश्मा नगरपालिकाको आयोजनामा मिति २०८२/८/२२, २३ र २४ गते कुश्मा नगरपालिका वडा नं -५ वडागाउँ स्थित सशस्त्र प्रहरीको खेल मैदानमा कुश्मा नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८२ सञ्चालन हुने भएकोले चालु शैक्षिक सत्र २०८२ मा विद्यालयमा अध्यनरत १८ वर्ष सम्मका विद्यार्थीहरुलाइ सहभागिताको लागि पठाइदिनु हुन अनुरोध छ । खेल र खेलाडी सम्वन्धी आवश्यक जानकारीहरु तपशिल अनुसार रहेको व्यहोरा समेत अनुरोध छ ।

२०८२/८/१२
नि.प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

खेलकुदका विधाहरु

| क स. | विधा | खेल | छात्र | छात्रा | कैफियत |
|---|---|---|---|---|---|
| १ | भलिवल | भलिवल | ९ जना | ९ जना | |
| २ | कबड्डी | कबड्डी | १० जना | १० जना | |
| ३ | दौड ट्र्याक तर्फ | १०० मिटर | १ जना | १ जना | |
| ४ | | २०० मिटर | १ जना | १ जना | |
| ५ | | ४०० मिटर | १ जना | १ जना | |
| ६ | | ८०० मिटर | १ जना | १ जना | |
| ७ | | १५०० मीटर | १ जना | १ जना | |
| ८ | | ३००० मिटर | १ जना | १ जना | |
| ९ | | रिले दौड ४•१०० मीटर | ४ जना | ४ जना | |
| १० | | रिले दौड ४•४०० मीटर | ४ जना | ४ जना | |
| ११ | उफ्रने र फ्याक्ने फिल्डतर्फ | हाईजम्प | १ जना | १ जना | |
| १२ | | लङजम्प | १ जना | १ जना | |
| १३ | | त्रिपलजम्प | १ जना | १ जना | |

फोन नं-०६७-४२०१४१/०६७-४२०४८४/०६७-४२०१८६ फ्याक्स नं. ०६७-४२१२७०
वेवसाइट: www.kushmamun.gov.np इमेल: info@kushmamun.gov.np, kushmamun@gmail.com

प.सं.:२०८२/०८३
च.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | | ज्याभलिन थ्रो | छात्र ८०० ग्राम | छात्रा ६०० ग्राम | |
| १५ | | सटफुट | छात्र १२ पाउण्ड | छात्रा ८ पाउण्ड | |
| १६ | मार्सल आर्ट तर्फ | करौते | छात्र U'४२ केजी | छात्रा U'४० केजी | |
| १७ | | करौते | छात्र U'४७ केजी | छात्रा U'४५ केजी | |
| १८ | | करौते | छात्र U'५२ केजी | छात्रा U'५० केजी | |
| १९ | | करौते | छात्र U'५७ केजी | छात्रा U'५५ केजी | |
| २० | | करौते | छात्र U'६२ केजी | छात्रा U'६० केजी | |
| २१ | | करौते | एकल काटा | एकल काटा | |
| २२ | | तेक्वान्दो | छात्र U'४५ केजी | छात्रा U'४२ केजी | |
| २३ | | तेक्वान्दो | छात्र U'४८ केजी | छात्रा U' ४४ केजी | |
| २४ | | तेक्वान्दो | छात्र U'५१ केजी | छात्रा U' ४६केजी | |
| २५ | | तेक्वान्दो | छात्र U'५५ केजी | छात्रा U'४९ केजी | |
| २६ | | तेक्वान्दो | छात्र U'५९ केजी | छात्रा U'५२ केजी | |
| २७ | | तेक्वान्दो | एकल पुम्से | एकल पुम्से | |

**खेलकुद प्रतियोगितामा सहभागिता सम्बन्धी जानकारी एवम् नियमहरु:**

१. सहभागी विद्यालयले सहभागी हुने खेल विधा र खेलाडीहरुको नाम संलग्न अनुसूची -१ बमोजिमको फारम खेलाडी विद्यार्थीबाट भराई मिति २०८२/०८/१९ गते बेलुका ३ बजे भित्र कुश्मा नगरपालिका शिक्षा शाखामा दर्ता गर्नुपर्नेछ। समयभित्र नामावली उपलब्ध हुन नसकेमा खेलमा समावेश गरिने छैन ।

२. चालु शैक्षिक सत्रमा माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्यनरत साथै विद्यालयको (IEMIS) इमिस रेकर्ड अनुसार १८ वर्ष भन्दा मुनिका छात्र/छात्राहरु मात्र यो खेलकुद प्रतियोगितामा सहभागी हुन पाउने छन्। (२०८२ मसिर २२ सम्म १८ वर्ष उमेर ननाघेका)

३. विद्यालयको (IEMIS) इमिस् रेकर्डमा नभएका गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन ।

४. प्रतियोगितामा प्रत्येक विद्यालयबाट टिम इभेन्ट्सहरुमा एक/एक टिम सहभागी गराउन सकिनेछ। एथलेटिक्स इभेन्ट्समा प्रत्येक खेलाडीले बढिमा एक फिल्ड दुई ट्र्याक वा दुइ फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउनेछन्।

नि. प्रमुख प्रशासकीय अधिकृत

# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल


प.सं.:२०८२/०८३

च.नं.

५. अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भई सकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन (यो नियम मार्सल आर्ट विधामा लागू हुने छैन।)

६. गैर विद्यार्थी तथा उमेरको सन्दर्भमा दावी विरोध पर्न गई प्रमाणित भएमा सहभागी खेलाडी, विद्यालय र प्रधानाध्यापकलाई आयोजकले नियम अनुसार उचित अनुशासनको कारवाही गर्न सक्ने छ।

७. प्रतियोगितामा सहभागी हुनाका लागि सहभागी खेलाडीहरुले अनुसूची -१ को फाराममा पुरै विवरण खुल्ने गरी प्रधानाध्यापकको नाम, हस्ताक्षर, विद्यालयको छाप र मिति सहित जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। फोटो नटाँसेको र प्रमाणित नभएको फाराम दर्ता हुने छैन ।

८. मापदण्ड विपरितका खेलाडीको विविध पक्षको वैधता माथि उजुरी गर्नु परेमा सम्वन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा नगद रु १,०००।– सहित आयोजक समक्ष दावी विरोध गर्न सक्नेछ तर अन्तिम चरणमा विरोध मान्य हुने छैन। आयोजकको छानविन बाट दोषी ठहरिएमा उक्त खेलाडीको पदक खोसिने र निकटतम् प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्टमा सहभागी नगराउने सम्मको कारवाही गर्न सक्नेछ। टिम गेमको हकमा पनि सोही नियम लागू हुनेछ ।तर दावी विरोध पुष्टी हुन नसकेमा धरौटी रकम जफत हुनेछ।

९. एथलेटिक्समा तेस्रो रेफ्रीको रुपमा भिडियो क्यामेरा प्रयोग गरिनेछ ।

१० खेल भावना विपरित अवान्छित गतिविधि गरेको पाइएमा खेलाडी र विद्यालयलाई आयोजक समितिले उचित ठहराएमा अनुशासनको कारवाही गर्ने वा कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

११. खेलाडीले सक्कल जन्म दर्ता प्रमाण पत्र र जिल्ला/नगर स्तरीय कक्षा ८ को मार्कसिट/ग्रेडसिट साथमै राखिरहनु पर्नेछ। यदि विवाद भएको खण्डमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ ।

१२. प्रतियोगिता सम्वन्धी थप जानकारीको लागि www.moys.gov.np मा लगइन गरी हेर्न सकिने छ। र प्रतियोगिता राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौ संशोधन) वमोजिम हुने छ।

१३. कार्यविधि, अनुसूची र पत्रमा प्रष्ट नभएका खेल सम्वन्धी जटिलताहरु उत्पन्न भएमा आयोजकको निर्णय अन्तिम हुनेछ ।

थप जानकारीको लागि शिक्षा, युवा तथा खेलकुद शाखा

शिक्षा शाखा प्रमुख विष्णुप्रसाद तिवारी :- ९८५७६२०८२४

शिक्षा अधिकृत, मोतिमाया ढकाल :- ९८५११४०१०५

शिक्षा अधिकृत, दिपक सुवेदी :- ९८४७७५७६२९

विष्णुप्रसाद तिवारी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

(दफा ९ को उपदफा (१) र (६) दफा १२ को उपदफा (१) दफा १४ को उपदफा (१) सँग सम्बन्धित

# कुश्मा नगरपालिका स्तरिय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता २०८२

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फाराम

विद्यार्थिको फोटो

१. सहभागी विद्यार्थीको नाम -

२. विद्यालयको नाम ठेगाना -

३. अध्ययनरत कक्षा -

४. जन्म मिति -

५. सहभागी हुने खेल -

६. सहभागी विद्यार्थीको हस्ताक्षर -

उल्लेखित विवरण ठिक साचो हो भनि प्रमाणित गर्ने

प्रधानाध्यापकको

हस्ताक्षर-

नाम -

मिति-

सम्पर्क न-

विद्यालयको छाप-

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । फोटो टाँस गरि प्रधानाध्यापकले प्रमाणित गर्नुपर्नेछ ।

दर्ता गर्ने अन्तिम मिति - २०८२ मसिर १९ गते ३.०० वजे सम्म मात्र ।